# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड५४) काठमाडौं, असोज ८ गते २०६१साल(अतिरिक्ताङ्क २९

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना १

माननीय कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्री श्री टेकबहादुर चोख्याल मेलमिलापसम्बन्धी कानुन निर्माण गर्ने सिलसिलामा सिंगापुर, मलेसिया र फिलिपिन्सको अवलोकन भ्रमणका लागि २०६१ असोज ११ गते त्यसतर्फ जानुहुने भएकाले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय कृषि तथा सहकारी मन्त्री श्री होमनाथ दाहालले सम्हाल्नु हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री दीपकुमार उपाध्याय मलेसियाको राजधानी क्वालालम्पुरमा आयोजीत पर्यटन-सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी हुने र मलेसियाका साथै सिङ्गापुर तथा थाइल्याण्डमा दोस्रो विश्व बौद्ध शिखर सम्मेलनको निमन्त्रणापत्र हस्तान्तरण गर्ने सिलसिलामा २०६१ असोज ९ गते त्यसतर्फ जानुहुने भएकाले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनुभएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय गृह मन्त्री श्री पूर्णबहादुर खड्काले सम्हाल्नु हुनेछ ।

हुकुम बक्सेबमोजिम,
मी.सु. पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।   मूल्य रू. ५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।